# विगु गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

लादुक, दोलखा, बागमती प्रदेश, नेपाल

## सेवा करारमा पदपुर्ति गर्ने सम्वन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति :२०७८/०८/१३**

यस विगु गाउँपालिकाको मिति २०७८ मंसिर १३ गतेको निर्णय अनुसार यस गाउँपालिकाको स्वास्थ्य शाखाको लागि देहायको पदहरुमा सेवा करारमा जनशक्ति पदपुर्ति गर्नु पर्ने भएकोले सूचना प्रकाशनको मितिले १५ (पन्ध्र) दिनभित्र यस विगु गाउँपालिकाको कार्यालयमा कार्यालय समयभित्र दरखास्त दिनुहुन यो सूचना प्रकाशन गरिएको छ ।

**तपशिल**

| क.स | विज्ञापन नम्बर | पद | तह | माग संख्या | दरखास्त दस्तुर |
|---|---|---|---|---|---|
| १ | ०४/२०७८/७९ | मेडिकल अधिकृत | ८ | १ | रु.१०००/- |
| २ | ०५/२०७८/७९ | अ.न.मी.(रोभिङ) | ४ | १ | रु.४००/- |

**१.उमेरको हदः-** दरखास्त दिने अन्तिम मितिसम्म महिला र अपाङ्गको हकमा ४० वर्ष र पुरुषको हकमा ३५ वर्ष ननाघेको ।

**२.न्यूनतम शैक्षिक योग्यता:**

**क) मेडिकल अधिकृतको हकमा :** मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.बि.बि.एस. उत्तीर्ण गरेको ।

**ख) अ.न.मी.को हकमा :** मान्यता प्राप्त शिक्षण संस्थाबाट अ.न.मी उत्तीर्ण गरेको वा सो सरह ।

**३.परीक्षाको किसिम :** लिखित तथा अन्तरवार्ता ।

**४.आवेदन दिनुपर्ने अन्तिम मिति :** सूचना प्रकाशन भएको मितिले १५ औं दिन कार्यालय समय भित्र ।

**५.आवेदन बुझाउनुपर्ने स्थान** : विगु गाउँ कार्यपालिकाको कार्यालय, लादुक दोलखा वा कोभिड-१९ को संक्रमणकालीन अवस्थालाई मध्यनजर गर्दै विगु गाउँपालिकाको इमेल ठेगाना bigumun@gmail.com, वा info@bigumun.gov.np मा आवश्यक कागजात र भौचरको प्रतिलिपि सहित दरखास्त पठाउन सकिनेछ ।

**६.आवेदनका साथ पेश गर्नुपर्ने कागजात** : वैयक्तिक विवरण, शैक्षिक योग्यताको प्रमाण पत्रको प्रतिलिपि, नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, कार्यअनुभव तथा विषयगत तालिमको प्रमाण पत्रको प्रतिलिपि र सम्बन्धित काउन्सिलमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि ।

**७.दरखास्त दस्तुर**: यस कार्यालयको नेपाल इन्भेष्मेण्ट बैंक लिमिटेड, सिंगटी शाखामा रहेको **आन्तरिक राजश्व खाता नं.०६७०१४००२५०००९** मा जम्मा गरेको सक्कलै भौचर वा कार्यालयमा बुझाएको रसिद आवेदनसाथ पेश गर्नुपर्नेछ।

**८.तलव स्केल :** गाउँ कार्यपालिकाको निर्णयानुसार ।

**९. कार्यक्षेत्र** : विगु गाउँपालिका भित्र ।

**१०. सम्पर्क मिति :** मिति २०७८/०८/२८ गते (कार्यालय समयभित्र) ।

**११. परीक्षा मिति :** सम्पर्क मितिको दिन जानकारी गराइनेछ ।

❖ *थप जानकारीको लागि सम्पर्क नं.९८६४१११२२७ वा ०४९४१०१०९ मा सम्पर्क गर्न सकिनेछ ।*

*प्रमुख प्रशासकीय अधिकृत*